# बैठक नं. ११६

आज मिति २०७५।०४।२५ गते साँझ ५:३० बजे वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. १२ मा बसेको वित्तीय संस्थाको सञ्चालक समितिको ११६ औं बैठक वित्तीय संस्थाको सञ्चालक समितिको अध्यक्ष श्रीमति अनिता ढुङ्गाना शाहज्यूको अध्यक्षतामा बसी निम्न उल्लेखित प्रस्ताव उपर छलफल गरी देहाय उल्लेखित निर्णयबमोजिम गर्ने गरी सम्पन्न भयो ।

१. उपस्थिति:-

| | |
|---|---|
| श्रीमति अनिता ढुङ्गाना शाह | अध्यक्ष |
| श्री खड्ग बहादुर राना | सञ्चालक |
| श्री लोकनाथ नेपाल | सञ्चालक |
| श्री तुलसी राम खनाल | सञ्चालक |
| श्री प्रेम बहादुर पाठक | - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |

२. गणपुरक संख्या

वित्तीय संस्थाको सञ्चालक समितिका सबै पदाधिकारीहरु बैठकमा स्वयम उपस्थिति भएको हुँदा, सञ्चालक समितिको गणपुरक संख्या १०० प्रतिशत पुगेको हुँदा बैठक सन्चालन गरी निर्णय गर्न कुनै व्यवधान नभएकोले बैठक सन्चालन भयो ।

३. सूचना जानकारी

वित्तीय संस्थाको सञ्चालक समितिको यस ११६ औं बैठकको लागि पदाधिकारीहरु ज्यूहरुको मोवाइल तथा फोनवाट बैठकको स्थान, मिति, समय र एजेण्डा सहित जानकारी गराइएको थियो ।

४. बैठकको लागि प्रस्तावहरु :

क. सन्चालक को नियुक्ति सम्बन्धि विषय ।

५. विविध ।

६. छलफल तथा निर्णयहरु :-

क) बैठकमा, प्रस्ताव नं. क माथि छलफल हुँदा, वित्तीय संस्थाको दोस्रो वार्षिक साधारण सभावाट निर्विरोध निर्वाचित सन्चालक श्री मनोज उपाध्यायको राजीनामा पश्चात रिक्त सन्चालक पदमा अर्को वार्षिक साधारण सभा नभएसम्मको लागि कम्पनी ऐन, २०६३ को दफा ८७ को उपदफा १ (२) बमेजिम, वित्तीय संस्थाको नियमावलीको नियम २७ को उपनियम ४ बमोजिम तथा 'बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" दफा १६ को उपदफा २ अनुरुप योग्यता भएको संस्थापक श्री केशब प्रसाद शर्मालाई मिति २०७५।०४।२५ गते देखि लागु हुने गरी वित्तीय संस्थाको सन्चालक पदमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिवाट पारित भयो ।

७. विविध

आजको बैठकमा छलफलको एजेण्डा अनुसारको विषयमा सर्वसम्मतिवाट निर्णय पारित भएको र अन्य विविध विषय नभएको व्यहोरा अध्यक्षज्यूबाट प्रष्ट पारियो ।

८. बैठकको समापन तथा धन्यवाद ज्ञापन

आजको बैठकमा छलफलका लागि कुनै विषय नभएको र तोकिएको कार्य सम्पन्न भएको हुँदा, बैठकमा उपस्थित सबैलाई धन्यवाद दिइ अध्यक्षज्यूबाट आजको बैठक यहीँ समापन भएको घोषणा गर्नु भयो ।